धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५० ◆ २०८३ असार २२ गते सोमबार, Monday, July 6, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्नेमा जोड

दमौली (तनहुँ) । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले जनप्रतिनिधि जनताप्रति सधैँ उत्तरदायी बन्नुपर्ने बताउनुभएको छ । तनहुँको दमौली र दुलेगौँडामा आइतबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता कार्यकर्तासँग छलफल गर्दै उहाँले तीन तहकै सरकारका जनप्रतिनिधि जनताप्रति उत्तरदायी बन्नुपर्ने उल्लेख गर्नुभयो ।

मन्त्री लम्सालले जनताले भोग्नुपरेका समस्या र गुनासो सम्बन्धित निकायसम्म पुऱ्याउन आग्रह गर्दै सुशासन, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले तनहुँका लागि रु चार अर्बको बजेटको सीमामा रहेर सडक र पुलको योजना ल्याउन सरोकार भएकाहरूलाई आग्रह गर्नुभयो । जिल्ला सभापति विश्व बास्तोला ले जिल्लाको विकास, निर्माणका विषयमा मन्त्री लम्सालको ध्यानाकर्षण गराउनुभयो ।

## प्रहरी महानिरीक्षक कार्की र सशस्त्र प्रहरी महानिरीक्षक पौडेल न्यूयोर्क प्रस्थान

काठमाडौँ । प्रहरी महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेल संयुक्त राष्ट्र सङ्घको मुख्यालय न्युयोर्कमा आयोजना हुने पाँचौं 'युनाइटेड नेसन्स चिफ अफ पुलिस समिट'मा सहभागी हुन आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

उक्त समिट यही असार २३ देखि २४ गतेसम्म चल्नेछ । प्रहरी महानिरीक्षक कार्की र सशस्त्र प्रहरी महानिरीक्षक पौडेललाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दुवै सङ्गठनका वरिष्ठ अधिकृतहरुले बिदाइ गर्नुभयो । उक्त समिटमा अन्तरराष्ट्रिय सहयोग सुदृढीकरण, प्रविधिको प्रयोगलगायत विषयमा छलफल हुने केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

आइतबारदेखी सुरु भएको भ्रमणका दौरान महानिरीक्षक कार्कीले संयुक्त राष्ट्र सङ्घका उच्च पदाधिकारी तथा संयुक्त अरब इमिरेट्स (युएई) का प्रतिनिधिमण्डलका सदस्यसँग द्विपक्षीय भेटघाट तथा छलफल गर्नुहुनेछ । प्रहरी महानिरीक्षक कार्कीको अनुपस्थितिमा प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीले नेपाल प्रहरी प्रधान कार्यालय को दैनिक प्रशासनिक कामकाजको जिम्मेवारी सम्हाल्नु हुनेछ ।

## शासकीय सुधारलाई निरन्तरता दिन कांग्रेसको समर्थन

ललितपुर । नेपाली कांग्रेसका सभापति गगन थापाले शासकीय सुधारलाई प्रभावकारी रूपमा अघि बढाउन सरकारलाई आफ्नो पार्टीको समर्थन रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आइतबार आयोजित सरकारका १०० दिन र १०० बुँदे कार्यक्रम सम्बन्धी समीक्षा कार्यक्रममा उहाँले राजनीतिक स्थिरता कायम राख्दै सरकारले पाँच वर्षको जनादेशअनुसार काम गर्न पाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रधानमन्त्रीको मुख्य जिम्मेवारी सिंहदरबारमा बसेर शासकीय सुधारलाई अघि बढाउनु रहेको उल्लेख गर्दै सभापति थापाले त्यसमा निरन्तरता कायम रहोस् भन्ने कांग्रेसको अपेक्षा रहेको बताउनुभयो। उहाँले सरकारको कार्यशैलीका केही विषयमा पार्टीको असहमति रहे पनि प्रतिपक्षको जिम्मेवारीअनुसार रचनात्मक भूमिका निर्वाह गर्ने स्पष्ट पार्नुभयो । "राजनीतिक स्थिरता तलमाथि नहोस् भनेर हामी सरकारलाई समर्थन गरेका छौं । प्रश्न गर्नुपर्ने ठाउँमा प्रश्न गर्छौं, समर्थन गर्नुपर्ने ठाउँमा समर्थन गर्छौं," उहाँले भन्नुभयो। विगतमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीले पनि बहुमतको सरकार सञ्चालन गरेको स्मरण गर्दै सभापति थापाले बहुमतलाई देश र व्यवस्थाको हितमा सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । सरकारले पाएको पाँच वर्षको जनादेशलाई सम्मान गर्दै त्यसलाई सफल बनाउन आवश्यक सहयोग गर्ने उहाँको भनाइ थियो ।

## मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्ले कानुन निर्माण गर्छ : सभामुख अर्याल

काठमाडौँ । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले मुलुकको आवश्यकतालाई ध्यानमा राखेर संसद्ले कानुनहरु निर्माण गर्ने बताउनुभएको छ ।

काठमाडौँको चन्द्रागिरि नगरपालिका-१३ स्थित कङ्काली माध्यमिक विद्यालयको ४३औं वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रममा उहाँले कानुन निर्माणको मुख्य स्थानमा आफू रहेको उल्लेख गर्दै मुलुक र जनताको आवश्यकतालाई सम्बोधन हुने गरी कानुन निर्माण गरिने बताउनुभयो ।

बयालिस वर्ष अघि चार जना विद्यार्थीबाट सुरु भएको सो विद्यालयमा भएको पूर्वाधार र शैक्षिक विकासको प्रशंसा गर्दै काठमाडौँ क्षेत्र नम्बर ९ बाट निर्वाचित अर्यालले विद्यालयको उन्नयनका लागि शुभकामना व्यक्त गर्नुभयो ।

नेकपा (एमाले)का प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले आगामी दिनमा विद्यालयको थप प्रगतिको शुभकामना दिँदै आफ्नो स्थानबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

विद्यालयका प्राधानाध्यापक विष्णु पनेरुले विद्यालयले चार दशकमा प्राप्त गरेको उपलब्धिको चर्चा गर्दै आगामी दिनमा गुणस्तरीय शिक्षाका लागि विद्यालयले थप मेहनत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## गोरखामा मरुवा सङ्क्रमणका कारण चैतेधानमा क्षति

❑ *प्रत्यूष समाचारदाता*

गोरखा । गोरखामा व्यावसायिक रूपमा लगाइएको चैतेधानमा मरुवा रोगको सङ्क्रमण देखिएको छ । मरुवा सङ्क्रमणले धानका बाला लाग्न नसकेपछि उत्पादन नहुने चिन्तामा किसान छन् ।

गण्डकी प्रदेशको कृषि मन्त्रालयले पाइलट प्रोजेक्टका रुपमा सञ्चालन गरेको चैते धानमा मरुवाका कारण बाला लाग्न नसकेको जिल्लास्थित कृषि विकास कार्यालयले जनाएको छ । कार्यालयका कृषिप्रसार अधिकृत विवेक पौडेलले मरुवाका कारण जिल्लाका गोरखा र पालुङटार नगरपालिका तथा सहिदलखन र भीमसेन थापा गाउँपालिकाका फाँटहरूमा करिब एक हजार १३० मेट्रिकटन धानखेतीमा क्षति भएको जानकारी दिनुभयो । लिची र काँक्राखेती गरेका किसानले वनि यस वर्ष क्षति बेहोर्न बाध्य छन् ।

कृषि विकास कार्यालयका अनुसार पाँच हजार रोपनीमा लगाइएको चैतेधान पूर्ण रूपमा नष्ट भएको छ । धान, लिची र काँक्राखेतीमा करोडौँको क्षति भएपछि यस वर्ष खाद्य सुरक्षामा सङ्कट आउनसक्ने कृषिप्रसार अधिकृत पौडेलले बताउनुभयो ।

"किसानको करिब रु तीन करोड ७५ लाख बराबरको धान नष्ट भएको छ", पौडेलले भन्नुभयो, "अरु पालिकामा पनि अवस्था यस्तै छ । तर विशेषगरी गोरखा र पालुङटार नगरपालिकामा धेरै क्षति भएको छ ।" उहाँका अनुसार यो समस्या बर्खेधानमा पनि देखिन सक्ने सम्भावना अधिक छ ।

"बर्खेधानका बीउ र ब्याडमै मरुवा रोग देखिसक्यो त्यसैले अब धानमा पनि देखिने धेरै सम्भावना हुन्छ", कृषिप्रसार अधिकृत पौडेलले भन्नुभयो, "यसले गर्दा गोरखामा खाद्य सुरक्षामा सङ्कट देखिन सक्ने सम्भावना छ ।"

यसैबीच, असिनापानी र हावाहुरीले फूल झारेपछि यस वर्ष पालुङटार नगरपालिकाका १९२ किसानले लगाएका सबै लिचीका बोटले फल दिन सकेनन् । तीमध्ये ३० प्रतिशत किसानका बोट नष्ट भएका नगरपालिकाका कृषि शाखा प्रमुख सङ्ल्प न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार पालुङटारका लिचीखेती गर्ने किसानले करिब रु सात करोडभन्दा बढीको क्षति व्यहोर्नुपरेको छ । पालुङटार-६, ७ र ८ मा व्यावसायिक रूपमा लिची उत्पादन हुने गरेको छ । यस्तै, वडा नं ४ र ५ मा पनि लिचीखेती विस्तार गरिएको नगरपालिकाले जनाएको छ ।

गत वर्ष पालुङटारका किसानले १५० हेक्टर क्षेत्रफलमा एक हजार ७१६ मेट्रिकटन लिची उत्पादन गरेका थिए । यस वर्ष ९० प्रतिशत उत्पादन घटेको कृषि शाखा प्रमुख न्यौपानेले बताउनुभयो । उहाँका अनुसार पालिकाका छ सय किसान प्रत्यक्ष, अप्रत्यक्ष रूपमा लिचीखेतीमा आबद्ध छन् भने नौ सय रोपनी क्षेत्रफलमा लिचीखेती गरिएको छ। यस वर्षको हावाहुरी र असिनापानीले गण्डकी गाउँपालिकामा व्यवसायिक रूपमा लगाइको काँक्रो तथा बेमौसमी तरकारीबाली पनि नष्ट भएका छन् । कृषि शाखा प्रमुख सपना थारुका अनुसार यस वर्ष यहाँ लगाइएका करिब पाँच लाख २१ हजार २६४ किलो लहरे प्रजातिका तरकारी हावाहुरी र असिनापानीले नष्ट पारेको छ । सोही कारणले रु ९४ लाख ५९ हजार बराबरको काँक्रा, लौका, फर्सी, करेलालगायत तरकारी नष्ट भएको उहाँले जानकारी दिनुभयो ।

क्षतिग्रस्त अन्नबाली, तरकारी बाली तथा फलफूल बालीको राहतबारे अहिलेसम्म कुनै निर्णय भएको छैन ।

## डायमनशमशेर साहित्यिक पुरस्कार तीन स्रष्टालाई

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । यस वर्षको डायमनशमशेर राणा साहित्यिक पुरस्कार/सम्मान तीन जना स्रष्टालाई प्रदान गरिएको छ ।

उपन्यासकार डायमनशमशेर राणाको १०९औं जन्मजयन्तीका अवसरमा डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठानले आइतबार आयोजना गरेको कार्यक्रममा राणाका विषयमा विद्यावारिधि गर्नुभएका डा टीकाराम पोखरेल, उहाँका विषयमा 'डायमनश्री' महाकाव्य लेख्नुभएका डा माधव वियोगी र राणाका विषयमा खोज अनुसन्धान गर्नुभएका उपप्रा डा विष्णु न्यौपानेलाई पुरस्कृत गरिएको हो । तीनै जनालाई जनही रु २५ हजार नगद र प्रमाणपत्रले सम्मानित गरिएको थियो । त्यस अवसरमा नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा कुलप्रसाद कोइरालाले ऐतिहासिक उपन्यास लेखनका साथै नेपालमा प्रजातन्त्र स्थापना एवं पुनःस्थापनामा राणा परिवारले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताउनुभयो ।

ऐतिहासिक उपन्यास लेखनमा डायमनशमशेरसँग तुलना गर्न योग्य उपन्यासकार नेपालमा अरु नभएको उहाँले बताउनुभयो । डायमनशमशेर साहित्य रचनाका साथै नेपाली कांग्रेसको राजनीतिमा पनि सक्रिय भएर प्रजातन्त्र स्थापना र पुनःस्थापनामा पनि योगदान गर्नुभएको उहाँले स्मरण गर्नुभयो । राणा २००८ सालदेखि २०३७ सम्म कांग्रेस ललितपुरको सभापति हुनुहुन्थ्यो । त्यसपछि उहाँ काठमाडौँ उपत्यकाका तीनवटै जिल्ला हेर्ने गरी कांग्रेस नेतृत्वमा रहनुभएको थियो ।

डायमनशमशेरको तराई क्षेत्रमा ५०० बिघा र काठमाडौँ उपत्यकामा १०० रोपनी जग्गा सर्वस्वहरणमा परे पनि अहिलेसम्म चर्चा नगुमेको बताउनुभयो । समालोचक प्रा डा गोविन्दराज भट्टराईले 'म्याजिक रियालिजम' अर्थात् चामत्कारिक यथार्थवादमा आधारित भएर डायमन शमशेरले 'गृहप्रवेश' उपन्यास लेख्नुभएको बताउनुभयो ।

साहित्यकार अनिता कोइरालाले अन्धकार र अराजकता हटाउन आफ्नै पारिवारिक शासनविरुद्ध लेख्ने, बोल्ने साहित्यकारका रुपमा डायमनशमशेर स्थापित हुनुभएको बताउनुभयो ।

## अस्पतालद्वारा आइसियुमा प्रतिक्षारत बिरामीको नाम डिस्प्ले बोर्डमा

नारायणगढ । चितवनस्थित भरतपुर अस्पतालले सघन उपचार कक्ष (आइसियु) सेवामा पारदर्शिता, निष्पक्षता र सहज पहुँच सुनिश्चित गर्न प्रतिक्षारत बिरामीको विवरण डिस्प्ले बोर्ड (विद्युतीय सूचना पाटी) मार्फत सार्वजनिक गर्ने व्यवस्था लागू गरेको छ ।

नयाँ व्यवस्थाअनुसार आइसियुमा शय्या उपलब्ध भएपछि सम्बन्धित बिरामी वा निजका आफन्तलाई मोबाइल फोनमार्फत सन्देश (एसएमएस) पठाई जानकारीसमेत गराइनेछ । अस्पतालमा आइसियुका शय्या प्रायः खाली नहुने भएकाले बिरामी आइसियु सेवाबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले प्रतीक्षारत रहेकाको नाम र विवरण डिस्प्ले बोर्डमा देखाउने व्यवस्था गरिएको अस्पताल प्रशासनले जनाएको छ ।

भरतपुर अस्पतालका प्रवक्ता डा रामप्रसाद सापकोटाले आइसियु जस्तो अति संवेदनशील सेवामा पारदर्शिता, निष्पक्षता तथा प्राथमिकताका आधारमा सेवा सुनिश्चित गर्न उक्त व्यवस्था लागू गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आइसियु सेवामा थप पारदर्शिता, निष्पक्षता र सहज पहुँच सुनिश्चित गर्न प्रतिक्षारत बिरामीको नाम विवरण डिस्प्ले बोर्डमा देखाउने व्यवस्था लागू गरेका हौं । आइसियुमा शय्या उपलब्ध भएपछि सम्बन्धित बिरामी वा आफन्तलाई फोनमार्फत सन्देश पठाइने व्यवस्था गरेका छौं । यसले सेवा प्रवाहलाई थप व्यवस्थित र विश्वसनीय बनाउन सहयोग पुग्नेछ ।"

अस्पतालको आकस्मिक सेवा (इमरजेन्सी) काउन्टरबाट आइसियुमा भर्नाका लागि आवश्यक विवरण प्रविष्ट गरिनेछ । यस व्यवस्थाले आइसियुमा शय्या खाली भए/नभएको जानकारी सहज रूपमा प्राप्त गर्न सकिने तथा आवश्यकताका आधारमा सेवा प्रदान गर्न सहयोग पुग्ने अस्पतालले जनाएको छ । यस व्यवस्थाले आइसियु शय्याको उपलब्धतासम्बन्धी जानकारी सहज बनाउनुका साथै चिकित्सकीय प्राथमिकता र निर्धारित प्रक्रियाअनुसार सेवा प्रवाह गर्न सहयोग पुग्ने प्रवक्ता डा सापकोटाले बताउनुभयो ।

छ सय शय्याको भरतपुर अस्पतालमा हाल वयस्कतर्फको सघन उपचार सेवाअन्तर्गत पुरानो आइसियु (एमआइसियु र एआइसियु) मा १८ शय्या, नयाँ आइसियु तथा सिसियुमा १८ शय्या र बर्न वार्डको आइसियुमा दुई शय्या गरी कूल ३८ शय्या सञ्चालनमा रहेका छन् । बालबालिका तथा नवजात शिशुका लागि ३५ शैयाको आइसियु सेवा उपलब्ध छ । अस्पतालको आकस्मिक विभागमा ५० शय्या छन् । अस्पतालमा दैनिक रूपमा तीन हजारभन्दा बढी बिरामी सेवा लिन आउने गरेका छन् ।

*सम्पादकीय ....*

## सकारात्मक काममा सरकार

जलविद्युत् आयोजनाहरूमा लगानी सुनिश्चितताको प्रत्याभूतिका लागि एक सय मेगावाटमाथिका विद्युत् बिक्री सम्झौता भई वित्तीय व्यवस्थापन गर्न बाँकी रहेका स्वदेशी लगानीमा आधारित नदी प्रवाही र अर्धजलाशययुक्त आयोजना र आगामी दिनमा विद्युत् बिक्री सम्झौता गरिने आयोजनाको अधिकतम १७ प्रतिशत बराबरको स्वपुँजीमा प्रतिफल रहनैपर्ने प्रावधान हटाइने भएको छ । सो काम प्राधिकरणले गर्नेछ । त्यसका लागि ऊर्जा मन्त्रालयले आवश्यक सहजीकरण गर्ने भएको छ। यो सरकारको सकारात्मक काम हो।

प्रस्तावित कार्यक्रममा विद्युत् उत्पादन, प्रसारण, वितरण तथा व्यापारसम्बन्धी व्यवस्थालाई समयसापेक्ष बनाई स्वच्छ, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत् आपूर्ति गर्न विद्युत् ऐनलाई शीघ्र प्रक्रियामा अगाडि बढाउने उल्लेख छ । विद्युत् ऐन सङ्घीय संसद्मा पेस भइसकेको छ ।

हालको ७५ रोपनीको हदबन्दीको सीमालाई पुनरावलोकन गरिने भएको छ । सो सीमाका कारण आयोजना निर्माणमा बाधा पर्दै आएको छ । सो कार्य आगामी पाँच महिनाभित्र एउटा निष्कर्षमा पुर्‍याउने लक्ष्य राखिएको छ। विद्युत् प्रसारण लाइनको अध्ययन, विकास एवं निर्माण गर्दा सम्भव भएसम्म निजी जग्गाको प्रयोग कम गर्ने गरी सरकारी वा वन क्षेत्रको जग्गा उपयोगलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ। सो कार्यका लागि वन तथा वातावरण मन्त्रालयलाई थप जिम्मेवार बनाउने प्रस्ताव गरिएको छ। निजी क्षेत्रको जग्गा प्रयोगको विषय आफैँमा सबैभन्दा कठिन विषय बन्दै गएको छ। आवश्यकताभन्दा बढी माग राख्ने र अधिकांश स्थानमा आयोजना प्रभावितले अवरोध गरेर आयोजनाको समय र लागत दुवै बढेका कारण सरकारी जग्गा वा वन क्षेत्रको प्रयोगलाई बढी प्राथमिकता दिन लागिएको हो । एकाध टावर बनाउन वर्षौं लाग्ने, मुआब्जा वितरण प्रक्रिया असाध्यै झन्झटिलो भएपछि त्यसको विकल्प खोज्न जरुरी थियो ।

जलविद्युत् आयोजनामा निर्माण गरिने बाँध तथा तल्लो तटीय क्षेत्रको सुरक्षाका लागि बाँध सुरक्षा गाइडलाइन तयार गर्नुपर्छ। जलवायु परिवर्तनका कारण नदी जलाधार क्षेत्रमा अत्यधिक वर्षालगायतका कारण आयोजनाको बाँध निर्माणलाई विशेष ध्यान दिनुपर्ने अवस्थाको सिर्जना भएको छ । पूर्वी नेपालमा गत असारमा आएको भीषण बाढीले जलविद्युत् आयोजनामा पारेको प्रभावका आधारमा पनि सो प्रबन्ध गर्न लागिएको हो। तल्लो तटीय क्षेत्रको सुरक्षालाई महत्व दिएर यस खालको प्रबन्ध गरिनु आवश्यक छ।

विद्युत् प्रसारण तथा वितरण संरचनामा खुला पहुँचको व्यवस्थाका लागि आवश्यक निर्देशिका जारी गरिने भएको छ । यसबाट निजी क्षेत्रले अधिकतम लाभ हासिल गर्न सक्छ ।

स्वच्छ ऊर्जा रुपान्तरणका लागि मुलुकमा विद्यमान हरित हाइड्रोजन उत्पादनको प्रचुर सम्भावनालाई उपयोग गर्न हरित हाइड्रोजन नीति जारी गरिनेछ। सो काम आगामी छ महिनाभित्रै गर्ने ऊर्जा मन्त्रालयको तयारी छ। यो कामले सरकारलाई सकारात्मकतातर्फ अगाडि लैजाने विश्वास लिन सकिनछ ।

## सरकारका १०० दिनः 'मिसन मोड'मा अघि बढ्यो १०० खर्बको अर्थतन्त्रको सपना



रमेश लम्साल

अर्थतन्त्रको पुनःजागरण तथा उन्नयनका लागि सरकारले अवलम्बन गरेका अनेकन उपायको सकारात्मक परिणाम देखा पर्न थालेको छ। जनमतबाट अनुमोदित राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकार गठन भएको १०० दिनमा राजस्व संकलनमा भएको सुधार तथा अर्थतन्त्रको समग्र स्वरुपमा आशातित परिवर्तन देखा परेको छ। निजी क्षेत्रमा बढ्दै गएको विश्वास, लगानीमा भइरहेको विस्तार तथा दातृ निकायको विश्वासमा समेत बढोत्तरी भएको छ ।

दुई तिहाई जनमत प्राप्त सरकारले लगानीमैत्री वातावरण निर्माण गरेको छ। निजी क्षेत्रको माग अनुसार नै एक दर्जनभन्दा बढी पुराना र अव्यवहारिक कानुनको खारेजी प्रक्रिया अगाडि बढाएको छ। अव्यवहारिक र अनावश्यक कार्यालयलाई खारेज गर्ने तथा कर कानुनमा सुधार गर्ने जस्ता कामका कारण थप विश्वास वृद्धि भएको छ।

गत चैत १३ गते अर्थमन्त्रीको पदभार ग्रहण गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले मुलुकको आर्थिक पुनरुत्थान र सुशासनका लागि ठोस कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले निजी क्षेत्र र आम नागरिकलाई समस्यामा पार्ने १५ वटा पुराना कानुन खारेज गर्ने प्रक्रिया सुरु गर्ने निर्णय गर्नुभएको थियो ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव प्रतिवेदन र विभिन्न व्यापारिक सङ्गठनका सिफारिसका आधारमा सो निर्णय गरिएको उहाँको भनाइ थियो। पदभारको दिन व्यक्त गर्नुभएको मार्गदर्शनका आधारमा नै अर्थ मन्त्रालयले आफ्ना गतिविधिलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ।

१०० खर्बको अर्थतन्त्रको सपना

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले यसबीचमा सबैभन्दा जोड दिएको महत्वपूर्ण विषय हो, रु १०० खर्ब बराबरको अर्थतन्त्र । यसलाई अर्थमन्त्री डा वाग्लेले पनि प्राथमिकतामा राख्नुभएको छ । मुलुकको आर्थिक उन्नयनका लागि अर्थतन्त्रको आकारमा उल्लेख्य वृद्धि गर्नुपर्छ भन्ने मान्यताका साथ सरकारले आफ्ना गतिविधिलाई अगाडि बढाएको छ । गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रस्तुत गरेको वाचापत्रमा समेत सो विषय उल्लेख थियो ।

ऊर्जा उत्पादन, पर्यटन, आइसिटी, कृषि, पूर्वाधार र संस्थागत सुधार गरेर अर्थतन्त्रको आकारमा बढोत्तरी गर्ने र त्यसका लागि मिसन मोडमा काम सुरु भएको अर्थमन्त्रीले पटक पटक दोहोर्‍याउँदै आउनुभएको छ। आगामी आर्थिक वर्षको बजेटलाई पनि सोही अनुरुप नै केन्द्रीत गरिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रमा अबको ५ देखि ७ वर्षभित्र नेपालको अर्थतन्त्रको आकार १०० अर्ब डलरभन्दा माथि पुर्‍याउने महत्वाकांक्षी योजना सार्वजनिक गरिएको थियो। सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको बजेटमा सोही नीतिलाई अभिव्यक्त गरेको छ।

बाचापत्रमा स्थिर मूल्यमा वार्षिक कम्तीमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र ५ देखि ७ वर्षभित्र नेपालीको प्रतिव्यक्ति आय तीन हजार डलर पुर्‍याउने लक्ष्य राखेको छ। नेपाल 'विश्व बैंकको मापदण्ड' अनुसार नेपाल निम्न आय भएको मुलुकमा छ। आगामी ५ वर्षमा सम्मानजनक मध्यम आय भएको मुलुकको स्तरमा पुर्‍याउने लक्ष्य राखिएको छ।

सरकारले सुशासन र सेवा प्रवाहलाई उच्च प्राथमिकता दिइएको छ। सरकारी सेवामा 'लाइन होइन अनलाइन' भन्ने अवधारणा लागू गरिएको छ । मेरिटोक्रेसी कार्यान्वयन गर्ने र दलमुक्त राज्य संयन्त्र निर्माण गर्ने प्रतिबद्धतालाई व्यवहारिक रुप दिइएको छ। आर्थिक फड्को मार्न बाधक मानिएका दर्जनौं ऐन र नियमावलीहरू एकैपटक खारेज गरेर निजी क्षेत्रलाई लगानीको वातावरण तय गरिएको छ।

आगामी आवको बजेटमा सरकारले पाँच प्राथमिकता तय गरेको छ । सरकारको पहिलो प्राथमिकता सुशासन हो । दोस्रो, अर्थतन्त्रको पुनरुत्थान। तेस्रो, मुलुकमा आन्तरिक र बाह्य कनेक्टीभिट। यस्तै चौथो प्राथमिकता सामाजिक लगानी र पाँचौ पर्यटन, संस्कृति र इतिहासमार्फत सौम्य शक्ति विस्तार हो । यसलाई बजेटमा निर्दिष्ट गरिएको छ । राजनीतिक स्थायित्व प्राप्त भएकाले इमानदारीपूर्वक देश अघि बढाउँदा देशले आर्थिक उन्नयनको दिशामा मार्ग प्रशस्त गर्छ भन्ने विश्वास सरकारको छ।

मध्यपूर्वको युद्धका कारण रेमिट्यान्स, पेट्रोलियम पदार्थको मूल्य र रासायनिक मल लगायतमा पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन असरको विश्लेषण गरी सम्बोधन गरिएको छ। शनिबार र आइतबारको सार्वजनिक विदा सोही प्रयोजनका लागि दिइएको छ । आन्तरिक रूपमा रहेको आर्थिक शिथिलता, बेरोजगारी र सुस्त आर्थिक वृद्धिलाई सम्बोधन गरिएको छ। राजस्व सङ्कलन र खर्चमा देखिएको 'खडेरी' तथा बैंकमा निक्षेप बढ्दा पनि निजी क्षेत्रले ऋण लिन नसकेको अवस्थालाई क्रमशः सुधारको दिशामा अगाडि बढाइएको छ।

बजेट निर्माणमा नागरिक सहभागिता

सरकारले बजेट निर्माणमा नागरिकलाई प्रत्यक्ष सहभागिता गराउने उद्देश्यका साथ यस पटक सुझाव संकलन गर्न पोर्टल सञ्चालनमा ल्यायो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा आम नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न सुझाव संकलन पोर्टल सञ्चालनमा ल्याएको हो ।

सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणमा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षाहरूलाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लेटफर्मको सुरुवात गरिएको हो।

सो पोर्टलका माध्यमबाट देश विदेशमा रहेका नागरिक, विषय विज्ञ र नीति निर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्वपूर्ण राय सुझाव दिए। सो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगियो ।

अर्थमन्त्रीको 'मिसन' मोड

अर्थमन्त्री डा वाग्लेले 'मिसन मोड' कामलाई प्रमुख प्राथमिकता दिने अर्थमा अगाडि सार्नुभएको छ। भाषणभन्दा पनि परिणामलाई केन्द्रमा राखेर तोकिएको समयसीमाभित्रै आर्थिक लक्ष्य हासिल गर्न राज्य सञ्चालनको कार्यशैलीमा परिवर्तन गरिएको छ । परम्परागत प्रवृत्तिलाई तोडिएको छ । डिजिटल ट्र्याकिङ, प्रत्यक्ष अनुगमन, र कडा कानुनी सुधार गरिएको छ। यसको मुख्य विशेषतामा परिणाममुखी कार्यशैली रहेको छ।

भाषण वा सतही योजनामा सीमित नभई नतिजा निकाल्न अभिप्रेरित गरिएको छ। समयसीमा र कार्यसम्पादन सूचकांकको प्रयोग गरिएको छ । डिजिटल अनुगमनमार्फत आयोजना र नीति कार्यान्वयनको अवस्था कहाँ पग्यो भनी प्रत्यक्ष ट्र्याक गर्ने व्यवस्था गरिएको छ। कानुनी तथा संस्थागत सुधारमार्फत निजी क्षेत्रको मनोबल उकास्न र लगानी आकर्षित गर्न नीतिगत अड्चन हटाइएको छ।

संस्थागत उत्तरदायित्व कायम गरिएको छ। खर्च नियन्त्रण र गुणस्तर कायम गरिएको छ। अनावश्यक प्रशासनिक खर्च कटौती गर्ने, खुद्रा योजनाहरू क्रमशः बन्द गर्ने र खुला प्रतिस्पर्धामार्फत मात्र योजना कार्यान्वयन गर्ने प्रणालीको आत्मसात् गरिएको छ । विप्रेषण र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादन, नवप्रवर्तन र उद्यमशीलतामा आधारित बनाउने लक्ष्य राखिएको छ।

अर्थतन्त्रमा यसको प्रभाव र निजी क्षेत्रको अपेक्षा अनुसार क्रमशः विश्वासको वातावरण बन्दै गएको छ। विगतमा खस्केको व्यावसायिक मनोबल उकास्न र बजारमा रोकिएको माग सिर्जना गर्न कर कटौती र नीतिगत सहजता कायम गरिएको छ । कृषि, ऊर्जा, पूर्वाधार विस्तार र डिजिटल गभर्नेन्सलाई प्राथमिकतामा राखेर अर्थतन्त्रलाई चलायमान गराउने प्रयास गरिएको छ।

पेन्सनमा राहत

अर्थमन्त्रालयले यसबीचमा गरेको अर्को महत्वपूर्ण काम हो पेन्सनकर्तालेे पाउँदै आएको अनावश्यक झन्झट। साढे तीन लाख पेन्सनकर्ताको झन्झट,अन्त्य गरेर ई पेन्सन प्रमाणिकरण प्रणाली सुरु गरिएको छ। महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको उक्त प्रणाली सुरुवात भएको छ । दिक्दारीपूर्ण पेन्सन नवीकरण र बैंक छनोटको झन्झट समाप्त भएको छ भने सरकारले तिर्नुपर्ने बैंक कमिसन पनि शून्यमा झरेको छ।

निवृत्तभरक भौतिक रुपमा उपस्थित हुन नपर्ने र घरैबाट सेवा प्राप्त गने व्यवस्था कार्यान्वयनमा आएको छ । भुक्तानी गर्नुपर्ने बैंक कमिसनको भार वार्षिक सरदर रु १५ करोडले घट्नेछ। नगद प्रवाह अनुमानयोग्य भई भई ढुकुटीमा हुने चाप व्यवस्थापन गर्न सहज भएको छ। पेन्सनको म्यानुअल गणनाका क्रममा हुने मानवीय त्रुटी कम भएको छ। यो योजनामा पर्ने तीन लाख ५२ हजार ८१६ (निष्क्रिय ४४ हजार समेत) निवृत्तभरकको हैरानी समाप्त भएको छ। अनलाइनमा घरैबाट यो सेवा प्राप्त भएको छ।

(बाँकी आगामी अंकमा)

## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।
- अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔँ।
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## चारआली ओभरपासः ५० प्रतिशत काम सम्पन्न

बिर्तामोड । एसियाली राजमार्ग स्तरोन्नति आयोजना अन्तर्गत झापाको मेचीनगरस्थित चारआलीमा निर्माणाधीन ओभरपासको करिब ५० प्रतिशत काम सकिएको छ । आयोजना कार्यालयका अनुसार बिर्तामोडको मुक्तिचोकमा निर्माण हुने ओभरपासको काम भने आगामी एक साताभित्र सुरु गरिनेछ ।

एसियाली हाइवे परियोजना पूर्वी खण्डका आयोजना प्रमुख इन्जिनियर सुनीलबाबु पन्तले चारआली ओभरपासको संरचनागत निर्माण आधाभन्दा बढी भइसकेको बताउँदै बाँकी कामलाई तीव्रता दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार बिर्तामोड नगरपालिका-२ स्थित चारपाने खण्डमा निर्माण भइरहेको अर्को ओभरपासको प्रगति पनि करिब ३५ प्रतिशत पुगेको छ ।

चारआली चोकमा निर्माणाधीन ओभरपासको पूर्वतर्फ २५१ मिटर र पश्चिमतर्फ २२६ मिटर र्‍याम्प (भिरालो बाटो वा गाडी कुदाउने) रहने इन्जिनियर पन्तले बताउनुभयो । ओभरपास सञ्चालनमा आएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै आवतजावत गर्ने लामो दूरीका सवारीसाधन चोकमा नरोकी माथिल्लो संरचनाबाट गुड्नेछन् भने स्थानीय सवारीसाधनले तलको सडक प्रयोग गर्नेछन् । यसबाट ट्राफिक व्यवस्थापन, यात्रा समयको बचत तथा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने आयोजनाको विश्वास छ । इन्जिनियर पन्तका अनुसार बिर्तामोडको मुक्तिचोकमा ओभरपास निर्माण ढिलाइ हुनुको मुख्य कारण विद्युत्का खम्बा स्थानान्तरणमा भएको ढिलाइ हो । अहिले अधिकांश खम्बा सार्ने काम सम्पन्न भइसकेकाले यही सातादेखि निर्माण कार्य सुरु गरिने तयारी गरिएको उहाँले बताउनुभयो ।

सरकारले एसियाली विकास बैंक (एडिबी) को सहयोगमा काँकडभिट्टाबाट सुनसरीको लौकहीसम्म ९५ दशमलव ७६ किलोमिटर पूर्व-पश्चिम राजमार्गलाई चारलेनको एसियाली राजमार्गका रूपमा स्तरोन्नति गरिरहेको छ । सोही आयोजनाअन्तर्गत चारआली, चारपाने, बिर्तामोड दमकसहित विभिन्न स्थानमा ओभरपास निर्माण भइरहेको हो । चारआली ओभरपास निर्माण सम्पन्न भएपछि बजार क्षेत्रको ट्राफिक जाम अन्त्य भई व्यापार-व्यवसायमा सकारात्मक प्रभाव पर्ने अपेक्षा स्थानीय व्यवसायी शरद् शिवाकोटीले व्यक्त गर्नुभयो । उहाँका अनुसार अहिले दैनिकजसो हुने सवारी चापका कारण बजार क्षेत्र प्रभावित हुने गरेको छ ।

मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले ओभरपास निर्माणले मेचीनगरको शहरी स्वरूपमा नयाँ आयाम थप्ने बताउनुभयो । उहाँले मेची पुलदेखि चारआलीसम्मको बजार क्षेत्रलाई व्यवस्थित बनाउन यस परियोजनाले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय बद्री महतले मेची राजमार्ग र पूर्व-पश्चिम राजमार्गको सङ्गमस्थल चारआलीमा ओभरपास निर्माण भएपछि यातायात थप सहज हुनुका साथै स्थानीय व्यापार, व्यवसाय र समग्र क्षेत्रीय विकासमा टेवा पुग्ने धारणा व्यक्त गर्नुभयो । निर्धारित समयमै आयोजना सम्पन्न हुनेमा आफू आशावादी रहेको उहाँले बताउनुभयो ।

## कमल राष्ट्रिय सुकर्म पुरस्कार शिक्षाविद् शाक्यलाई

तानसेन । कमल राष्ट्रिय सुकर्म पुरस्कार (२०८२) पाल्पाका शिक्षाविद्, समाजसेवी, गणितज्ञ दिलबहादुर शाक्यलाई प्रदान गरिएको छ । जिल्लास्थित शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालद्वारा कमलराज रेग्मीका नाममा स्थापित उक्त पुरस्कारबाट शाक्यलाई प्रदान गरिएको हो ।

उहाँलाई रु ५१ हजार नगद, दोसल्ला र सम्मानपत्रले पुरस्कृत गरिएको छ । प्रतिष्ठानका संरक्षक वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रकाशराज रेग्मीले सो पुरस्कार स्थापना गर्नुभएको हो ।

उक्त पुरस्कारबाट हालसम्म साहित्यकार झपेन्द्र जिसी, बैधराज विश्वमान बज्राचार्य, समाजसेवी राधा भारती, कलाकार अशोक आर्ट, शिक्षाविद् बुद्धिप्रसाद शर्मा, युनाइटेड मिसन अस्पतालका प्रमुख डा रचेल कारख र साहित्यकार मोहन दुवाललाई पुरस्कृत गरिसकिएको प्रतिष्ठानका अध्यक्ष पुस्कर राज रेग्मीले बताउनुभयो । पाल्पाको इतिहासमा शिक्षा साहित्य र राजनीतिको क्षेत्रमा स्वर्गीय कमलराज रेग्मीको योगदान अमूल्य रहेको अध्यक्ष रेग्मीले बताउनुभयो । उहाँले भन्नुभयो, "उहाँ २००७ सालका क्रान्तिका कमान्डर हुनुहुन्थ्यो । उहाँका नाममा यहाँ पुरस्कार राशी स्थापना हुनु पाल्पाका लागि गौरवको विषय हो ।"

## नार्कका सम्पर्कविहीन दुई कर्मचारी बर्खास्त

काठमाडौँ । कृषि, वन तथा पर्यावरण मातहतको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का दुई कर्मचारी बर्खास्त भएका छन् ।

नार्कका अध्यक्षसमेत रहनुभएका कृषि मन्त्री गीता चौधरीले लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीलाई सेवाबाट हटाउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

सरकारले सुशासन र जनमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै मन्त्री चौधरीले दरबन्दी मात्र ओगटेर सम्बन्धित कार्यालयमा जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई आवश्यक कारबाही गरिएको बताउनुभयो । सेवाबाट हटाइएका कर्मचारीमा कृषि अनुसन्धान निर्देशनालय, तरहरा सुनसरीमा कार्यरत प्राविधिक अधिकृत छैटौँ पार्वती जोशी र राष्ट्रिय जैविक प्रविधि अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा कार्यरत वैज्ञानिक एस-१ नमिता भट्टराई छन् ।

कर्मचारी प्रशासन विनियमावली, २०६२ को विनियम बमोजिम उनीहरूलाई अनुपस्थित रहेको मितिदेखि नै लागु हुने गरी सेवाबाट हटाइएको हो । परिषद्ले सम्बन्धित कर्मचारीहरूको घर ठेगानामा पत्राचार गर्नुका साथै राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सात दिनभित्र सम्पर्कमा आउन आग्रह गरेकामा तोकिएको अवधिमा पनि सम्पर्कमा नआएकाले परिषद्को कार्यकारी समितिको निर्णय अनुसार सेवाबाट हटाइको मन्त्री चौधरीले बताउनुभयो ।

## मौद्रिक नीतिलाई समयानुकूल बनाउन सुझाव

काठमाडौँ । सरोकारवालाले आगामी आर्थिक वर्षको मौद्रिक नीति समयानुकूल बनाउन र बजेटले समेट्न नसकेका धेरै विषयलाई समावेश गर्न सरोकारवालाले सुझाव दिएका छन् ।

प्रतिनिधिसभाको अर्थ समितिको आइतबारको बैठकमा पूर्वगभर्नर, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि तथा उद्योग व्यवसायीका छाता सङ्गठनका प्रमुख एवं प्रतिनिधिले अर्थतन्त्रको सुधारका लागि नीतिले समेटनुपर्नेमा जोड दिनुभयो ।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मौद्रिक नीतिले मुलुकको खस्कँदो अर्थतन्त्रलाई स्थिर बनाउने गरी तय हुनुपर्ने धारणा राख्नुभयो । वित्तीय नीति र मौद्रिक नीतिको तादम्यता हुनुपर्नेमा जोड दिँदै उहाँले केन्द्रीय बैंकको स्वायत्ततालाई कायम राख्नुपर्ने बताउनुभयो ।

पूर्वगभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति अत्यन्तै प्राविधिक र धेरै हदसम्म अनुमानयोग्य हुने भएकाले देशभित्रको आर्थिक अवस्था र बाह्य क्षेत्रको स्थितिले नै यसको कार्यदिशा निर्धारण गर्ने उल्लेख गर्नुभयो ।

पछिल्लो अवस्थालाई ख्याल गर्दा केन्द्रीय बैंकले बैंक दर, नीतिगत दर वा ब्याजदर करिडोरलाई थप कडा बनाउने आधार नभएको उहाँको भनाइ थियो । उहाँले मूल्य स्थिरता र बाह्य क्षेत्रको अवस्था सन्तोषजनक रहेकाले ब्याजदर तथा अन्य मौद्रिक उपकरण थप कसिलो बनाउनु जरुरी भएको उल्लेख गर्नुभयो । उहाँले आन्तरिक उत्पादन वृद्धि र अर्थतन्त्र सुधारका लागि विगतमा लागू गरिएका नीतिहरू सहजताका नाममा हटाउन नहुने तर्क गर्नुभयो ।

पूर्वगभर्नर डा चिरञ्जीवी नेपालले केन्द्रीय बैंकको स्वायत्तता र अन्तरराष्ट्रिय अभ्यासलाई सम्मान गर्नुपर्ने बताउनुभयो । मौद्रिक नीतिको उद्देश्य मुद्रास्फीति नियन्त्रण गर्ने र सरकारको आर्थिक वृद्धिको लक्ष्यलाई सहयोग गर्ने भएकाले सोहीअनुसार नै जिम्मेवारी पूरा गर्ने उहाँको भनाइ थियो । बैंकिङ क्षेत्रमा बढ्दो खराब कर्जा व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' स्थापना गर्न उहाँले सुझाव दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले बजेटले केही विषय सम्बोधन गरे पनि निजी क्षेत्रका बाँकी माग मौद्रिक नीतिमार्फत समाधान गर्नुपर्ने बताउनुभयो । मुलुकको अर्थतन्त्रलाई पुनर्जीवित गर्न मौद्रिक नीतिमार्फत नीतिगत सुधार भएका खण्डमा धेरै सहज हुने उहाँको कथन थियो ।

देशमा रोजगारी सिर्जनाको लागि उत्पादन बढाउनुपर्ने भएकाले निजी क्षेत्रलाई साथ र सहयोग जरुरी रहेको अध्यक्ष श्रेष्ठको भनाइ थियो । नवील बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बैंक तथा वित्तीय संस्था समस्यामा जानु भनेको मुलुक पनि समस्यामा जानु हो भन्ने बुझेर मौद्रिक नीति तय गर्नुपर्ने धारणा राख्नुभयो । परिस्थितिका कारण बैंकको साँवा र ब्याज तिर्न नसक्ने र जानाजान नतिर्नेहरुको वर्गीकरण हुनुपर्ने उहाँको भनाइ थियो । बैंकिङ प्रक्रियालाई सरल बनाउनका लागि उहाँले कानुनी सुधारको आवश्यकता औँल्याउनुभयो ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले पछिल्ला दिनमा देखापरेको आर्थिक शिथिलतालाई ख्याल गरेर नीति तय हुनुपर्ने बताउनुभयो । अध्यक्ष कोइरालाले कर्जा नोक्सानीसम्बन्धी प्रावधानमा केही परिमार्जन जरुरी रहेको उल्लेख गर्नुभयो ।

बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपालका अध्यक्ष प्रचण्ड श्रेष्ठले बैंकिङ क्षेत्र अहिले समस्यामा रहेकाले केन्द्रीय बैंकले थप अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने तर्क गर्नुभयो । सूक्ष्म निगरानी र खराब कर्जाको वर्गीकरणमा हुने थोरै लचकताले पनि बजारमा सकारात्मक सन्देश जाने उहाँको भनाइ थियो ।

बैठकमा नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष भीमप्रसाद घिमिरे, अर्थतन्त्रका जानकार नरबहादुर थापालगायतले समयानुकूल मौद्रिक नीतिको आवश्यकता औँल्याउनुभयो ।

## किसानलाई अनुदानमा कृषि सामग्री

इनरुवा । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाले कृषि तथा पशुपालनमा आबद्ध किसानलाई व्यावसायिक कृषि प्रवर्द्धन र श्रम लागत घटाउने उद्देश्यले ५० प्रतिशत अनुदानमा कृषि सामग्री वितरण सुरु गरेको छ । गाउँपालिकाले पशुपालक किसानलाई कुट्टी काट्ने मेसिन (च्यापकटर) तथा तरकारी र अन्य खेती गर्ने किसानलाई मिनी हाते ट्याक्टर वितरण गर्न थालेको गाउँपालिकाका अध्यक्ष अजमल अक्तर अजादले जानकारी दिनुभयो ।

उहाँका अनुसार सार्वजनिक सूचना जारी गरी प्राप्त आवेदनमध्ये तोकिएको मापदण्ड, वडाको सिफारिस तथा पाँच सदस्यीय छनोट समितिको सिफारिसका आधारमा स्थानीय किसान छनोट गरी सामग्री वितरण गरिएको हो ।

पहिलो चरणमा गाउँपालिकाका आठवटै वडाबाट तीन-तीन जना गरी २४ जना पशुपालक किसानलाई ५० प्रतिशत अनुदानमा च्यापकटर वितरण गरिएको अध्यक्ष अजादले बताउनुभयो। उक्त कार्यक्रम कृषि शाखाको बजेटबाट सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । त्यसैगरी, साना किसानलाई लक्षित गरी तरकारी तथा अन्य खेतीका लागि ११ थान मिनी हाते ट्याक्टर पनि ५० प्रतिशत अनुदानमा वितरण गर्ने तयारी गरिएको उहाँले बताउनुभयो ।

अध्यक्ष अजादका अनुसार प्रदेश र सङ्घीय सरकारबाट प्राप्त बजेट तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट विनियोजित रकम कृषिक्षेत्रमै सदुपयोग गर्ने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएको हो । यसअघि गाउँपालिकाले विभिन्न सहकारीमार्फत ६०० किसानलाई विषादी छर्कने स्प्रेयर मेसिन र ८०० किसानलाई ५० प्रतिशत अनुदानमा कोदालो वितरण गरिसकेको उहाँले जानकारी दिनुभयो ।

स्थानीय किसानको माग र आवश्यकताअनुसार ३५० किसानलाई पानी तान्ने मोटर तथा बोरिङका लागि आवश्यक प्लास्टिक पाइप वितरण गर्ने तयारीसमेत गरिएको उहाँले बताउनुभयो ।

मोटर वितरणमा ५० देखि ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउने विषयमा गाउँ कार्यपालिकाले निर्णय गर्ने र सोही निर्णयका आधारमा वडा कार्यालयको सिफारिसअनुसार किसानलाई सामग्री वितरण गरिने अध्यक्ष अजादले जानकारी दिनुभयो ।

## घरेलु तथा साना उद्योग महासंघको २६औँ महाधिवेशन प्रारम्भ

काठमाडौँ । लघु, घरेलु तथा साना उद्यमीहरुको छाता सङ्गठन नेपाल घरेलु तथा साना उद्योग महासङ्घको २६औँ राष्ट्रिय महाधिवशेन आइतबारदेखि प्रारम्भ भएको छ । ललितपुरको जावलाखेलमा भइरहेको महाधिवेशनमा एक हजारभन्दा बढी प्रतिनिधिको सहभागिता छ ।

महाधिवेशनमा विगतका नीति, कार्ययोजना र कामको समीक्षा, सङ्गठनात्मक अध्ययन र पहिचान, विधान संशोधन, बदलिँदो आर्थिक परिवेश र चुनौती समाधान गर्न भावी कार्यक्रम र रणनीतिक योजना तयसँगै आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने महाधिवेशन व्यवस्थापन समितिका संयोजक मोहन कटुवालले जानकारी दिनुभयो ।

महाधिवेशनको उद्घाटन सत्रमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले सार्वजनिक-निजी साझेदारी ढाँचालाई मजबुद बनाउँदै रोजगारी सिर्जनामा सबैको ध्यान जानुपर्ने बताउनुभयो । उहाँले स्थानीय आर्थिक विकासका लागि उद्यमीलाई प्रोत्साहन र परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोड्नुपर्ने धारणा राख्नुभयो ।

महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले देशभरका लघु तथा साना उद्योगले ३२ देखि ४० लाख जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको जानकारी दिँदै निजी क्षेत्रको मनोबल बढाउन सरकारको ध्यान जानुपर्ने बताउनुभयो । सरकार र निजी क्षेत्रको सहकार्यबाट मात्र देशको समृद्धि सम्भव रहेको उल्लेख गर्दै उहाँले उद्योगीको मुहारमा खुसी ल्याउन सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । रोजगारी सिर्जना, उद्यमशीलता विकास, स्थानीय स्रोतको उपयोग तथा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन साना तथा मझौला उद्योगको महत्वपूर्ण भूमिका रहेको महासङ्घले जनाएको छ । २५ करोडसम्म स्थिर पूँजी



भएका उद्योगलाई घरेलु तथा साना र २५ करोडभन्दा बढी स्थिर पुँजी भएको उद्योगलाई मझौला उद्योग भनिन्छ । आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुनसम्म सात हजार ३६३ साना उद्योग र दुई हजार २३७ मझौला उद्योग दर्ता भएका छन् ।

महासङ्घका अनुसार मुलुकभर नौ लाख ८४ हजार साना तथा मझौला उद्योग सञ्चालनमा छन् ।

## संचार कानुनको पुनरावलोकन गर्न जोड

ललितपुर । पत्रकारिता क्षेत्रका अगुवा तथा विज्ञहरूले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनहरूको पुनरावलोकन गर्न जोड दिएका छन् ।

नेपाल पत्रकार महासङ्घले बागमती प्रदेश रजिष्ट्रार कार्यालयको सहकार्यमा आइतबार आयोजना गरेको छलफलमा महासङ्घका अध्यक्ष निर्मला शर्माले विद्यमान कानुनमा गरिनुपर्ने संशोधनलगायत आफूहरूले उठाएका सवालमा नेपाल सरकारले सम्बोधन गर्नुपर्ने बताउनुभयो ।

महासङ्घका पूर्वअध्यक्ष डा सुरेश आचार्यले आमसञ्चार नीति, २०७३ लाई समेत डिजिटल रूपान्तरणका आधारमा परिवर्तन गर्दै कानुनी संशोधनमा जानुपर्ने बताउनुभयो । उहाँले आफूहरुले मन्त्रालयको आग्रहमा आमसञ्चार विधेयकको मस्यौदा तर्जुमा गरेर २०७५ सालमै बुझाएको भए पनि हालसम्म संसद्मा पेस नभएको गुनासो गर्नुभयो । उहाँले संसद्मा पुगिसकेको 'नेपाल मिडिया काउन्सिल विधेयक'का कतिपय प्रस्तावहरूले काउन्सिललाई स्वायत्त नबनाउने भएकाले त्यसमा आवश्यक परिमार्जन गर्नुपर्ने बताउनुभयो ।

सञ्चार अध्येता विनोद ढुङ्गेलले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्न ढिला भइसकेको बताउनुभयो ।

## हात्ती आक्रमणका पीडितको समाधान गर्ने मन्त्री गौतमको प्रतिबद्धता

नारायणगढ (चितवन) । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण का लागि तत्काल र दीर्घकालीन दुवै उपाय अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

भरतपुर महानगरपालिका-२३, बेलहट्टामा शनिबार जङ्गली हात्तीको आक्रमणबाट आमा-छोरासँगको भेटमा घटनाप्रति दुःख व्यक्त गर्दै उहाँले उक्त प्रतिबद्धता जनाउनुभएको हो । उहाँले राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा लामो समयदेखि चल्दै आएको मानव-वन्यजन्तु द्वन्द्वको स्थायी समाधानका लागि सरकार गम्भीर रहेको बताउनुभयो । गौतमले वन्यजन्तुको आक्रामक व्यवहार नियन्त्रण गर्न प्रविधिको प्रयोग गरिने उल्लेख गर्नुभयो । "देशभरका राष्ट्रिय निकुञ्ज क्षेत्रमा वन्यजन्तुको आक्रमणका कारण मानव र वन्यजन्तुबीचको द्वन्द्व वर्षौंदेखिको समस्या हो", उहाँले भन्नुभयो, "तत्कालका लागि प्रविधियुक्त संयन्त्र मार्फत वन्यजन्तुको गतिविधि नियन्त्रण तथा ट्याकिङ गर्न निकुञ्ज प्रशासनलाई निर्देशन दिइसकेको छु ।"

निकुञ्ज आसपासका क्षेत्रमा कमजोर घर संरचनाका कारण मानवीय क्षति बढेको उहाँको भनाइ थियो । मन्त्री गौतमले भन्नुभयो, "हात्तीको आक्रमण सहन नसक्ने खालका भौतिक संरचना रहेछन् । सरकारले निकुञ्ज क्षेत्र वरिपरि बलियो र सुरक्षित घर निर्माणका लागि विपद् व्यवस्थापन कोषमार्फत प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी आवश्यक पहल गर्नेछ ।" उहाँले समग्र गाउँवासीको सुरक्षाका लागि एकीकृत आवास वा सुरक्षित संरचना निर्माणको योजना आवश्यक रहेकामा जोड दिनुभयो ।

मन्त्री गौतमले पीडित परिवारलाई राहत उपलब्ध गराइने पनि बताउनुभयो । "पैसाले मान्छेको ज्यान फर्काउन सकिँदैन, तर परिवारको सहजीकरणका लागि नियमअनुसार प्रतिव्यक्ति १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराइनेछ", उहाँले भन्नुभयो । आवश्यक प्रक्रिया पूरा गरी यही असार २५ गतेभित्र उक्त रकम हस्तान्तरण गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो ।

वन्यजन्तु संरक्षण र मानव जीवनको सुरक्षालाई सँगसँगै अगाडि बढाउनुपर्ने चुनौतीपूर्ण अवस्था रहेको उल्लेख गर्दै मन्त्री गौतमले स्थानीय तह, जनप्रतिनिधि र सङ्घीय सरकारबीचको समन्वयबाट दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता औँल्याउनुभयो । भरतपुर महानगरपालिका-२३, बेलहट्टामा जङ्गली हात्तीको आक्रमणबाट एकै परिवारका दुई जनाको मृत्यु भएको छ । शनिबार राति घरमा सुतिरहेका बेला हात्तीले आक्रमण गर्दा २५ वर्षीया आशिका बोटे र उहाँका चार वर्षीय छोरा भरतको घटनास्थलमै मृत्यु भएको हो । यस क्षेत्रकी प्रतिनिधिसभा सदस्यसमेत रहनुभएकी मन्त्री गौतमले घटनास्थल पुगेर परिवारलाई सान्त्वना दिएपछि चितवन राष्ट्रिय निकुञ्जको कार्यालय कसारामा सुरक्षा निकाय, निकुञ्ज प्रशासन, स्थानीय तहका प्रतिनिधि, सरोकारवाला निकाय तथा स्थानीयवासीसँग छलफल गर्नुभएको थियो । छलफलका क्रममा स्थानीय तथा सरोकारवालाहरूले निकुञ्ज, मध्यवर्ती क्षेत्र (बफरजोन) तथा सामुदायिक वन आसपासका बस्तीहरू उच्च जोखिममा रहेको र यसको दीर्घकालीन समाधानका लागि कानुनी तथा प्राविधिक प्रक्रिया जटिल रहेको भन्दै मन्त्रीसमक्ष सहजीकरणका लागि अनुरोध गर्नुभएको थियो ।

## प्रविधिमार्फत निगरानी बढाउँदै ट्राफिक प्रहरी

काठमाडौँ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले प्रविधिको प्रयोगमार्फत निगरानी बढाएको छ । सिसिटिभी क्यामेरा तथा अटोमेटिक नम्बर प्लेट रिकग्नाइजेसन (एएनपिआर) प्रणालीको प्रयोग गरी नियम उल्लङ्घन गर्ने सवारी चालकलाई निगरानी गर्दै कारबाहीलाई तीव्र बनाएको जनाएको छ ।

कार्यालयका अनुसार प्रविधिमार्फत निगरानी बढाएपछि कारबाहीमा पर्ने सवारी चालकको सङ्ख्या उल्लेख्य बढेको छ । कार्यालयले एक वर्षमा कुल ३८ हजार ७७८ जना चालकलाई कारबाही गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

"चालकले सिटबेल्ट लगाएको छ वा छैन, सवारी चलाउँदै मोबाइल फोन प्रयोग गरेको छ वा छैन, धूमपान गरेको छ वा छैन भन्ने विवरणसमेत क्यामेराले रेकर्ड राख्छ", उहाँले भन्नुभयो, "चालकले ट्राफिक नियम उल्लङ्घन गरेको पुष्टि भएपछि सम्बन्धित चालकलाई कानुनअनुसार कारबाही गरेका छौँ ।"

ट्राफिक प्रहरीका अनुसार सडकमा नियम उल्लङ्घन गरेर भाग्ने सवारी चालकलाई उक्त क्यामेरामार्फत पहिचान गरी जरिवाना तथा कानुनी कारबाही गरिँदै आइएको छ । साथै एएनपिआर क्यामेराले सवारीसाधनको नम्बर प्लेट मात्र होइन, चालकको गतिविधिसमेत निगरानी गर्ने गरेको छ ।

कार्यालयको तथ्याङ्कअनुसार २०८२ वैशाखदेखि २०८३ असार २० गतेसम्म एएनपिआर क्यामेराको सहयताले १५ हजार ९५४ जना चालकलाई कारबाही गरिएको छ ।

त्यस्तै, सोही अवधिमा सिसिटिभी क्यामेराको निगरानीबाट २२ हजार ८२४ जना चालकलाई जरिवानासहित कारबाही गरिएको छ ।

कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले आधुनिक प्रविधिले ट्राफिक व्यवस्थापनसँगै दुर्घटना अनुसन्धानमा महत्वपूर्ण सहयोग पुगेको बताउनुभयो । उहाँका अनुसार कुनै सवारी दुर्घटना गराएर फरार भए पनि क्यामेराले सम्बन्धित मार्गबाट गुज्रिएका सवारीको नम्बर प्लेट र विवरण सुरक्षित राख्ने भएकाले अनुसन्धान र कारबाही गर्न सहज भएको छ । उहाँले भन्नुभयो, "दुर्घटना गराउने सवारी चालक भागे पनि उक्त सवारीको रङ, नम्बर प्लेट वा अन्य विवरणका आधारमा सम्बन्धित सवारी धनीसम्म पुगेर आवश्यक कानुनी कारबाही गर्ने गरेका छौँ ।"

## कोशी अस्पतालको अतिक्रमित जग्गा खाली गराउन गृहमन्त्रीको निर्देशन

विराटनगर । गृहमन्त्री सुधन गुरुङले विराटनगरस्थित कोशी अस्पतालको अतिक्रमित जग्गा तत्काल खाली गराउन निर्देशन दिनुभएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासहित आइतबार साँझ अस्पतालको स्थलगत निरीक्षणमा पुग्नुभएका गृहमन्त्री गुरुङले सरकारी र सार्वजनिक जग्गा हडपेर बनाइएका अवैध संरचना हटाउन गृह प्रशासनलाई निर्देशन दिनुभएको हो ।

विभिन्न सङ्घसंस्थाले अस्पतालको जग्गा वर्षौंदेखि कब्जा गरी व्यावसायिक प्रयोजनमा लगाएको पाइएपछि गृहमन्त्री गुरुङ आफैँ टोली लिएर अस्पताल परिसरको वस्तुस्थिति बुझ्न पुग्नुभएको थियो । अस्पताल प्रशासनले अतिक्रमित संरचना हटाउन दिएको १५ दिने म्याद सकिएको दुई दिनपछि गृहमन्त्री र स्वास्थ्यमन्त्रीको टोलीले आकस्मिक निरीक्षण गरेको हो ।

निरीक्षणका क्रममा गृहमन्त्री गुरुङले कानुनको बर्खिलाप हुने गरी सार्वजनिक जग्गा ओगट्ने जो कोहीलाई पनि नछाडिने बताउनुभयो । अस्पतालको स्वामित्वमा रहेको जग्गा खाली गराउने अभियानमा गृह मन्त्रालयले स्थानीय प्रशासन र सुरक्षा निकायलाई पूर्ण रूपमा परिचालन गर्ने उहाको भनाइ थियो ।

स्वास्थ्यमन्त्री निशा मेहताले अस्पतालले दिएको समयसीमा सकिँदा पनि संरचना खाली नहुनु दुःखद् भएको भन्दै अबको एक हप्ताभित्र यो ठाउँ खाली गराइने प्रतिबद्धता जनाउनुभयो । कोशी अस्पतालका नाममा रहेको विराटनगर-७ स्थित कित्ता नम्बर १२, १५, २२, ११, २६ र २३ को जग्गामा नेपाल रेडक्रस सोसाइटी, नेपाल क्षयरोग निवारण संस्था, गणेश मन्दिर समिति र देवकोटा पुस्तकालयले स्थायी संरचना बनाई भाडामा लगाएका छन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चन्द्रभाल झाले अस्पतालको जग्गा फिर्ता हुने प्रक्रियाले गति लिनेमा विश्वास व्यक्त गर्नुभयो ।

## कांग्रेसको क्रियाशील सदस्यता अध्यावधिक गर्ने समय थप

पाटन । नेपाली कांग्रेसले क्रियाशील सदस्यता अध्यावधिक गर्ने समय आगामी साउन ३ गतेसम्मका लागि थप गरेको छ ।

नेपाली कांग्रेसका महामन्त्री एवं सदस्यता व्यवस्थापन केन्द्रीय समितिका संयोजक प्रदीप पौडेलको अध्यक्षतामा आइतबार पार्टीको केन्द्रीय कार्यालय बिपी स्मृति भवन, बिपी नगर, सानेपामा बसेको बैठकले नवीकरण गरी अध्यावधिक गर्न छुट भएका तथा नयाँ क्रियाशील सदस्यताको विवरण अनलाइन माध्यमबाट पार्टीको केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्यका लागि समयावधि थप गर्ने निर्णय गरेको हो ।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार यसअघि क्रियाशील सदस्यता अध्यावधिक गर्ने समयावधि २०८३ असार २० गतेसम्म तोकिएको थियो । वर्षायामका कारण वडा तहदेखि क्षेत्रीय तहसम्म सदस्यतासम्बन्धी आवश्यक प्रक्रिया सम्पन्न हुन बाँकी रहेको, अधिकतम नयाँ क्रियाशील सदस्यता विस्तारका लागि वडा तहसम्म पर्याप्त सूचना प्रवाहको कार्य जारी रहेको तथा सम्बन्धित जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिबाट प्राप्त सुझावका आधारमा समयावधि थप गरिएको हो । क्रियाशील सदस्यता अध्यावधिक तथा वितरणका क्रममा कुनै समस्या वा गुनासो आएमा सम्बन्धित जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिले सदस्यता व्यवस्थापन केन्द्रीय समितिसमक्ष सिफारिस गर्नसक्ने व्यवस्था गरिएको कार्यवाहक मुख्यसचिव दुलालले जानकारी दिनुभयो । उहाँका अनुसार प्राप्त सिफारिसका आधारमा सदस्यता व्यवस्थापन केन्द्रीय समितिले आवश्यक निर्णय गरी क्रियाशील सदस्यता अध्यावधिकको व्यवस्था मिलाउने छ ।

## पदयात्रा पर्यटनका समस्या समाधान गर्न पर्यटनमन्त्रीसँग ध्यानाकर्षण

कास्की । ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले पदयात्रा पर्यटन क्षेत्रमा देखिएका समस्या, चुनौती र सुधारका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल( गनेश)को ध्यानाकर्षण गराएको छ ।

टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले आइतबार पोखरामा मन्त्री पौडेललाई पत्र बुझाउँदै पर्वतारोहण तथा पदयात्रा पर्यटनको प्रवर्द्धन र सुरक्षित पर्यटनका लागि तत्काल नीतिगत तथा व्यावहारिक सुधार गर्न माग गनुभएको हो ।

ध्यानाकर्षण पत्रमा पर्यटन नीति तथा कानुनमा सुधार, पदमार्ग संरक्षण, सुरक्षित पर्यटनको प्रत्याभूति, नक्कली उद्धार (फेक रेस्क्यु) अन्त्य, अवैध ट्रेकिङ व्यवसाय नियन्त्रण, टिम्स प्रणाली प्रभावकारी कार्यान्वयन, नेपाल पर्यटन बोर्डमा संस्थागत सुधार तथा नयाँ पदमार्गको खोजी र प्रवर्द्धनका विषयलाई प्राथमिकताका साथ उठाइएको छ ।

टानले अन्नपूर्ण संरक्षण क्षेत्रलगायत हिमाली पदमार्गमा सडक विस्तार, जलविद्युत् आयोजना तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा पदमार्गमा नकारात्मक असर नपर्ने व्यवस्था गर्न सरकारसँग माग गरेको छ । यसैगरी, पदमार्गमा हुने दुर्घटना न्यूनीकरणका लागि उद्धार प्रणालीलाई व्यवस्थित बनाउन तथा हिमाली क्षेत्रमा अनियन्त्रित ढंगले निर्माण भइरहेका हाइड्रोपावर आयोजनामा रोक लगाउँदै 'टुरिजम इम्प्याक्ट एसेसमेन्ट' अनिवार्य गर्नुपर्ने माग पनि गरिएको छ ।

पत्रमा नेपाल सरकारले लागू गरेको पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स)लाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने, इजाजत प्राप्त ट्रेकिङ कम्पनीमार्फत मात्रै पदयात्रा गराउने कानुनी व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने तथा अवैध ट्रेकिङ सञ्चालन गर्नेमाथि कडा कारबाही गर्नुपर्ने उल्लेख छ । नेपाल पर्यटन बोर्डलाई आफ्नो मूल उद्देश्यअनुसार पर्यटन प्रवर्द्धनमा केन्द्रित बनाउनुपर्ने, सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडललाई प्रभावकारी बनाउँदै बोर्डको कार्यसम्पादन सुधार गर्नुपर्ने सुझाव पनि टानले दिएको छ । विकासका नाममा गरिने निर्माणका कारण पुराना पदमार्ग सङ्कटमा परेको उल्लेख गर्दै डाँफे पदमार्ग, सर्किट तथा 'सफ्ट हिमाल' पदमार्ग, जलजला-ढोरपाटन-ढोरपाटन क्षेत्र, फेवा-रानीवन पदमार्ग, पञ्चासे पदमार्ग तथा लमजुङका विभिन्न पर्यटकीय पदमार्गको संरक्षण, पूर्वाधार विकास र प्रवर्द्धन गर्न आग्रह गरिएको छ । जलवायु परिवर्तन, फोहर व्यवस्थापन, वातावरण संरक्षण र दिगो पर्यटन प्रवर्द्धनलाई सरकारी प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै टान गण्डकीले पर्यटन क्षेत्रका आधारभूत समस्या समाधानका लागि सरकारले शीघ्र ठोस कदम चाल्ने विश्वास व्यक्त गरेको छ ।

## दश ओलम्पियन खेलाडी सम्मानित

कैलाली । सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्ने १० जना ओलम्पियन खेलाडीलाई धनगढीमा नगदसहित सम्मान गरिएको छ । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले आइतबार कार्यक्रम आयोजना गरी खेलका माध्यमबाट सुदूरपश्चिमको पहिचान स्थापित गराउन योगदान पुर्‍याउने १० जना ओलम्पियन खेलाडीलाई नगदसहित सम्मान गरेको हो । परिषद्ले सबैलाई जनही रु ७० हजारसहित दोसल्ला र प्रशंसापत्रद्वारा सम्मान गरेको हो । बक्सिङका विष्णुबहादुर सिंह, बक्सिङकै डम्मरदत्त भट्ट, तेक्वान्दोका दीपक विष्ट, भारोत्तोलनका भरतबहादुर साउद, पौडीकी गौरीका सिंह, एथलेटिक्सकी सरस्वती भटराई, तेक्वान्दोकी निशा रावल, ब्याडमिन्टनका प्रिन्स दाहाल, पारा एथलेटिक्सका विक्रमबहादुर राना र पारा तेक्वान्दोका भरतसिंह महता सम्मानित हुनुभएको हो । प्रदेशका सामाजिक विकासमन्त्री बेलबहादुर राना र परिषद्का सदस्य सचिव लोकबहादुर खड्काले दोसल्ला, प्रशंसापत्र र नगदसहित सम्मान गर्नुभयो ।

## ध्रुवतारा कृषि सहकारीद्वारा अर्गानिक लौकाखेती विस्तार

कञ्चनपुर । सीप, सामुहिकता र मेहनतको संयोजनले कृषि समृद्धिको भरपर्दो आधार बन्न सक्छ भन्ने उदाहरण कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित ध्रुवतारा सामुदायिक विकास कृषि सहकारी संस्थाले प्रस्तुत गरेको छ । सहकारीले सञ्चालन गरेको व्यावसायिक अर्ग्यानिक लौकाखेतीले आम्दानीसँगै स्थानीय युवालाई रोजगारी दिनुका साथै सदस्यलाई व्यावसायिक कृषितर्फ आकर्षित गरेको हो ।

सहकारीले १० कठ्ठा जग्गा भाडामा लिएर लौकाखेती गरी रहेका छन् । यहाँ उत्पादित लौका सहकारीले दैनिक दुई क्विन्टलभन्दा बढी बेच्दै आएको छ । हालसम्म १२ क्विन्टलभन्दा बढी लौका बिक्री गरी रु ३६ हजार आम्दानी भएको सहकारीका प्रबन्धक ललिता पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय बजारमा प्रतिकिलो रु ३० देखि रु ३२ सम्ममा सहजै बिक्री भइरहेको छ ।

"प्राङ्गारिक मल र सुरक्षित विषादी प्रयोग गरी उत्पादन गरिएको लौकाको बजारमा माग बढी छ", प्रबन्धक पन्तले भन्नुभयो । उहाँका अनुसार निङ्गसँगको सहकार्यमा सञ्चालित कृषि पाठशालाले सहकारीका सदस्यलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न तालिमसँगै सीप विकासमा महत्वपूर्ण भूमिका खेलेको छ ।

कृषि पाठशालामा माटो छनोट, खेत तयारी, बेर्ना उत्पादन, मल व्यवस्थापन, सिँचाइ तथा लहरे बाली व्यवस्थापनसम्बन्धी व्यावहारिक तालिम दिइएको थियो । सिकेको सीप व्यवहारमा उतारेपछि अपेक्षाभन्दा राम्रो उत्पादन प्राप्त भएको पन्तले बताउनुभयो । सहकारीका अध्यक्ष लालबहादुर ऐरले सदस्यहरूलाई आय-आर्जनमुखी कृषिमा जोड्ने उद्देश्यले सामूहिक रूपमा लौकाखेती सुरु गरिएको बताउनुभयो । लौकाखेतीका लागि सहकारीले दुई स्थानीय युवालाई रोजगारी पनि दिएको छ । बिक्रीबाट प्राप्त रकम सहकारीको कोषमा जम्मा गरी सदस्यको आयआर्जन बढाउने कार्यक्रममा लगानी गरिने अध्यक्ष ऐरले बताउनुभयो । उहाँका अनुसार बारीमा अझै ४० देखि ६० क्वीन्टलसम्म लौका उत्पादन हुने अनुमान गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com